# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका

## गोरखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका

## गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ८५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

शहिद लखन गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोरखा ।

१. **कैफियत सहितको राय** – हामीले शहिद लखन गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६९ लाख ८० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ लाख ९९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २० लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४३ लाख ११ हजार र नियमित गर्नुपर्ने रु. ४ लाख ३१ हजार समेत रु ६७ लाख ८१ हजार रहेको छ । शहिदलखन गाउँपालिकाको गतवर्ष सम्म रु. ६ करोड १५ लाख

९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ८३ लाख ७८ हजार रहेको छ । शहिदलखन गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने शहिदलखन गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी शहिदलखन गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

शहिदलखन गाउँपालिका,

गोरखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ४१ | ६९८० | ० | १२ | १९९ | ५२ | २९ | ६७८१ | २०३९ | ४३१ | ४३११ | ० | ० | ४७४२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ६१५९५ | ० | ० | ६१५९५ | ० | ६७८१ | ६८३७८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | १७.६ | करकट्टी दाखिला गरेको | २७८३ |
| | | ३३.१ | बढी भुक्तानी असुल गरेको | ३०००० |
| | | ३३.२ | प्रमाण पेश गरेको | ३०००० |
| | | ३४.२ | बढी भुक्तानी असुल गरेको | २०८८९ |
| | | ४१.१ | नापीभन्दा बढी भुक्तानी असुल गरेको | ११४३ |
| | | ४४ | नापी भन्दा बढी भुक्तानी असुल गरेको | ४१७६० |
| | | ४५ | पाठ्यपुस्तकमा बढी भुक्तानी | २८७४७ |
| | | ५३ | पारिश्रमिक कर कट्टी गरी दाखिला गरेको | २३५०९ |
| | | ५९ | बढी भुक्तानी | २०००० |

| | | | | |
|---|---|---|---|---|
| | **चालु वर्षको जम्मा** | | | **१९८८३१** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | ० |
| | **२०७७।७८** | | | ० |
| | **२०७६।७७** | | | ० |
| | **गत विगतको जम्मा** | | | **०** |
| | **कुल जम्मा** | | | **१९८८३१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १४९ वर्ग किलोमिटर तथा २३,०७६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२९ देखि २०८०।०५।३१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका

पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. १,४८,७०,२४,९५५.४३ को लेखापरीक्षण सम्पन्न गरिएको छ जस मध्ये रु.४५,०७,६४,५२६ सुत्र बाहिर (c-GAS) मा गरिएको कारोबार रहेको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **कानुन निर्माण तथा सञ्चालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४२ वटा ऐन, ५ वटा नियमावली, ५कार्यविधि लगायत ५२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ८ ले वार्षिक ५ करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ९ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२ करोड ३९ लाख २२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५ **क्षेत्रगत बजेट -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,५६,३३,००० | ३,१६,२८,५९७ | ६९.३१ |
| २ | सामाजिक विकास | ३२,०५,२७,००० | २८,२१,०३,७१९ | ८८.०१ |
| ३ | पूर्वाधार विकास | २२,२२,१०,००० | १७,५८,४८,४९५ | ७९.१४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,११,१३,००० | १,७०,२३,७०८ | ८०.६३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,०८,८०,००० | १३,३५,८३,७७३ | ८८.५४ |
| **जम्मा** | | ७६,०३,६३,००० | ६४,०१,८८,२९२ | ८४.१९ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबैभन्दा बढी ८८.५४ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ६९.३१ प्रतिशत रहेको छ।

६ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२,२२,२९,८१२.५९, राजस्व बाँडफाँड र अनुदानबाट रु.५३,०७,२९,२०१ र बैङ्क मौज्दात रु.१०,३५,८४,८०९.७६ समेत रु.६५,६५,४३,८२३ आम्दानी भएकोमा चालु तर्फ रु.४१,६२,६५,९०३.७८ र पूँजिगत तर्फ रु.२२,३९,२२,३८८.७७ र वित्तीय ब्यबस्था तर्फ शुन्य समेत रु.६४,०१,८८,२९२.५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,३६,३४,२२० खर्च भएको छ जुन आन्तरिक आयको ६१.३३ प्रतिशत रहेको छ । पालिकालाई

प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.९९ प्रतिशत चालु र ३५.०१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **लक्ष्य तथा प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाले पेश गरेको विवरण अनुसार वार्षिक कार्यक्रम तथा प्रगतिको स्थिती निम्नानुसार छ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २७० | ३ | २ | ९ | २५६ |

८ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २७१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०<br><br>लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११ | १० | १ | - |
| २. | वडास्तरीय | २५९ | - | ५१ | २०८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **चौमासिक खर्च संरचना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र. सं. | बजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| १ | पूँजिगत | २२,३९,२२,३८९ | २,२९,८५,६०० | ४,०९,०९,६३५ | १६,००,२८,१५४ | ७,७१,८२,०८१ |
| | प्रतिशत | १०.२६ | १८.२७ | ७१.४७ | ३४.४७ | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२२ करोड ३९ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु.२,२९,८५,६०० (१०.२६ प्रतिशत), दोस्रो चौमासिकमा रु. ४,०९,०९,६३५ (१८.२७ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १६,००,२८,१५४ (७१.४७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७,७१,८२,०८१ (३४.४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस

पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.७२ करोड ३८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९। ०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। (साउन २ गते फाइनल भएको)

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । यस सम्बन्धमा गत विगतको लेखापरीक्षणमा समेत औंल्याइएकोमा हालसम्म सुधार भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१२ **स्थानीय तथ्याङ्क तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१३ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ कार्यक्रममा निर्माण व्यवसायीलाई रु.६४,६५,००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र. सं. | पेश्की लिनेको विवरण | योजनाको विवरण | म्याद ननाघेको रकम |
|---|---|---|---|
| १ | नयाँबाटो / न्यू गोरखा मनकामना कन्स्ट्रक्सन जे.भि | देउराली रानिश्चारा तिनघरे चिसोपानी सडक नयाँ | ६,००,००० |
| २ | सिनर्जी । सचेत जेभी | नामजुङ घैरुङ ताकलुङ मनकामना ढाँडबारी रामशाहघाट आँबुखैरेनी सडक | ५८,६५,००० |
| **जम्मा** | | | **६४,६५,०००** |

१४ **सहकारी अनुगमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ३१ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१६ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१७ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ स्थानीय तह : शहिद लखन गाउँपालिका, गोरखा | | | |
|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | |
| विवरण | यस वर्ष रु. | | गतवर्ष रु. |
| | बजेट | खर्च जम्मा | खर्च जम्मा |
| प्राप्ती (क+ख) | ७८,५७,०८,२७८.५७ | ५७,९६,२४,८४३.२८ | ५६,४०,७८,६६७.१४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७६,०३,६३,०००.०० | ५७,३२,७१,६०३.२८ | ५६,००,५१,७५०.४६ |
| ११००० कर | ११,१५,६५,०००.०० | ९,००,६९,६६७.६१ | ९,२१,२८,२४४.०७ |
| १३००० अनुदान | ५२,२०,२८,०००.०० | ४५,८९,९७,०१६.२९ | ४५,२५,९१,१५५.०० |
| संघीय सरकार | ४८,६४,९२,०००.०० | ४३,०२,१७,८५३.२९ | ४२,३४,४३,०००.०० |
| प्रदेश सरकार | ३,२५,३६,०००.०० | २,६५,७४,८१३.०० | २,६१,३५,५६५.०० |
| जनसहभागिता | ३०,००,०००.०० | २२,०४,३५०.०० | ३०,१२,५९०.०० |
| १४००० अन्य राजस्व | २,०८,००,०००.०० | २,४२,०४,९१९.३८ | १,५३,३२,३५१.३९ |
| ३२००० वित्तीय सम्पत्ति | १०,५९,७०,०००.०० | ० | ० |
| ख. अन्य प्राप्ति | २,५३,४५,२७८.५७ | ६३,५३,२४०.०० | ४०,२६,९१६.६८ |
| कोषहरु | २,५३,४५,२७८.५७ | ० | ० |
| धरौटी | ० | ६३,५३,२४०.०० | ४०,२६,९१६.६८ |
| भुक्तानी (ग+घ) | ७८,५७,०८,२७८.५७ | ६६,०७,९३,०१२.५५ | ६१,०९,५८,४६४.६७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७६,०३,६३,०००.०० | ६४,०१,८८,२९२.५५ | ५८,६६,३५,६०१.७० |

| | | | |
|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | २४,३३,८५,०००.०० | २१,५८,६९,५७६.९४ | १९,२३,२३,१८२.३८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८,९३,७६,०००.०० | १६,०५,५६,९८७.८० | १५,६०,५०,५८९.७० |
| २५००० सहायता (Subsidy) | ३५,६०,०००.०० | ३३,२३,१६५.०० | ५४,५८,१११.०० |
| २७००० सामाजिक सुरक्षा | ४८,४२,०००.०० | ३१,०५,९४७.०० | ४७,८६,००५.८४ |
| २८००० अन्य खर्च | ३,३५,००,०००.०० | ३,३४,१०,२२७.०४ | २,७९,४३,८७६.२० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८,५७,००,०००.०० | २२,३९,२२,३८८.७७ | २०,००,७३,८३६.५८ |
| घ. अन्य भूक्तानी | २,५३,४५,२७८.५७ | २,०६,०४,७२०.०० | ६१,०९,५८,४६४.६७ |
| कोषहरु | २,५३,४५,२७८.५७ | १,८६,७५,९२२.०० | २,३१,६७,८६७.९७ |
| धरौटी | ० | १९,३१,५८१.०० | ११,५४,९९५.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -२,७८३.०० | |
| ङ. यो वर्षको बचत (न्युन) | | (८,११,६८,१६९.२७) | (४,६८,७९,७९७.५३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १३,६८,३१,६०९.०१ | १६,६२,२३,०१४.३० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५,५६,६३,४३९.७४ | ११,९३,४३,२१६.७७ |
| बैंक तथा नगद बाकी | | ५,५६,६३,४३९.७६ | ११,८७,१७,२०४.७७ |

१७.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८,४५,८३,७७६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,६७,९८,६८८, र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.१,३९,९९,७९९ समेत गरी रु.२२,५३,८२,२६३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१७.२ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको वित्तीय प्रतिवेदनअनुसार रु.११,८७,१७,२०४.७७ मौज्दात रहेकोमा यो वर्ष रु.१३,६८,३१,६०९.०१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,८१,१४,४०४.२४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ । त्यसै गरी अनुसूची १० अन्तर्गत सञ्चित कोषमा यस वर्ष बैङ्क मौज्दात अनुसार रु.१०,३५,८४,८०९.७६ जिम्मेवारी सारेकोमा गत वर्ष सुत्रको अन्तिम मौज्दात रु.१०,३७,९०,६७९.७६ रहेकोले फरक मौज्दात सारेको रु.२,०५,८७० सम्बन्धी यकिन गर्नुपर्दछ ।

१७.३ प्रकोप व्यवस्थापन कोषको गत वर्षबाट जिम्मेवारी अ.ल्या रु.१९,४०,५१७ र यस वर्ष थप रु.९,००,००० गरी कुल आम्दानी रु.२८,४०,५१७ रहेकोमा वित्तीय प्रतिवेदन (सुत्र) मा शुरु मौज्दात रु.२८,४०,५१७ र यो वर्ष थप मा शुन्य देखाएकोले वित्तीय प्रतिवेदनमा प्राप्तितर्फ रु. ९,००,००० ले घटी र गत वर्षको जिम्मेवारी सोही रकमले बढी लेखाङ्कन भएको देखिन्छ । प्रतिवेदन बनाउदा सहि र यथार्त परक बनाउन तर्फ ध्यानदिनु पर्दछ।

१७.४ विविध खर्च खाताको गत वर्षबाट जिम्मेवारी अ.ल्या रु.४२,००,३०७.५० र यस वर्ष थप रु.१,७४,३०,९२५ गरी कुल आम्दानी रु.२,१६,३१,२३२.५ रहेकोमा वित्तीय प्रतिवेदन (सुत्र) मा शुरु मौज्दात रु.२,१६,३१,२३२.५ र यो वर्ष थप मा शुन्य देखाएकोले वित्तीय प्रतिवेदनमा प्राप्तितर्फ रु. १,७४,३०,९२५ ले घटी र गत वर्षको जिम्मेवारी सोही रकमले बढी लेखाङ्कन भएको देखिन्छ । प्रतिवेदन बनाउदा ध्यान दिएर सहि र यथार्त परक बनाउनु पर्दछ।

१७.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| | ० | १०,५२,०००.०० | १०,५२,०००.०० |
| ग २.१चालू खर्च खाता-विजोर वर्ष | ० | ३०,४८,४६२.२८ | ३०,४८,४६२.२८ |
| ग २.३पूँजिगत खर्च खाता-विजोर वर्ष | ० | ३८,४५,२३३.९५ | ३८,४५,२३३.९५ |
| ग २.७विविध खर्च खाता | ४२,००,३०७.५० | ७४,३२,११८.१८ | ३२,३१,८१०.६८ |
| ग ३.१स्थानीय तह धरौटी खाता | ८७,७५,०४९.६८ | ५५,४३,२४०.०० | (३२,३१,८०९.६८) |
| ग ४.१स्थानीय तह सञ्चित कोष खाता | १०,३८,०१,३३०.७६ | ९,९२,४२,०७०.२५ | (४५,५९,२६०.५१) |
| | | जम्मा | ३३,८६,४३६.७२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

१७.६

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.२,७८३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## १८ गाउँकार्यपालिका निर्णय कार्यान्वयन

१८.१

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारको पत्रबाट निर्देशन भए वमोजिम पालिकाको मिति २०७९/०७/०२ मा बसेको दशौ बैठकको बुदा नं. २२ मा पुराना भवन अभिलेखिकरण गर्ने निर्णय भएको त्यस्तै मिति २०७९/११/१४ को निर्णय वमोजिम गाउँपालिका भित्रका जग्गाहरु वर्गीकरणका लागि स्थानीय भु—उपयोग परिषद् तथा भु—उपयोग कार्यान्वयन समितिबाट प्राप्त सल्लाह वमोजिम भुमि वर्गीकरण कार्यलाई यथासक्य छिटो निष्कर्षमा पुऱ्याउने निर्णय भएकोमा भु—उपयोग क्षेत्र वर्गीकरण मापदण्ड २०७९ तयार गरेको भयतापनि जग्गा वर्गीकरण गर्ने काम बाँकी रहेको छ । पालिकाको निर्णय तथा केन्द्रको निर्देशन वमोजिम भुवर्गिकरण गर्ने काम बाँकी गर्ने कार्यलाई टुङ्गोमा पुऱ्याई भुमिको उपयोग गर्ने कार्यलाई व्यवस्थित गराउनुपर्दछ ।
- मिति २०८०/०१/२७ को गा.पा.को निर्णय नं. ९ मा नदी क्षेत्रमा अनाधिकृत रुपमा नदीजन्य पदार्थ गोदाम गरी राखीएको भन्ने उजुरीका आधारमा गाउँपालिका र प्रहरी चौकी कुरिनटारको मिति २०७९/११/२८ को संयुक्त अनुगमन तथा निर्णयका आधारमा गोदाम गरी राख्ने मोहन राना र सुनिल गुरुङ्गलाई आवश्यक प्रमाण पेश गर्न मिति २०७९/११/३० मा जानकारी गराएकोमा मोहन बहादुर रानाले सो सम्बन्धमा निवेदन गरेको तर सुनिल गुरुङ्गले कुनै जानकारी नगराएको उल्लेख छ ।

१८.२ नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र विक्रिवितरण प्रक्रियाको जिल्ला अनुगमन समितिको संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा मिति २०८० बैशाख ११ मा बसेको बैठकको निर्णय नं. ३ (ग) बमोजिम पालिका भित्र भेटिएका अवैधरुपमा उत्खनन् संकलन गरिएका नदीजन्य तथा खानीजन्य पदार्थहरु जफत गरी बिगो बराबरको रकम जरीवाना गरी स्थानीय सञ्चित कोषमा जम्मा गर्न निर्णय गरी कार्यान्वयनका लागि पत्राचार गरेकोमा सोही अनुसार संलग्न व्यक्तिलाई पत्राचार गर्ने निर्णय गरेको छ । सोही अनुसार मिति २०८०/०२/२४ मा पालिकाबाट पत्राचार गरकोमा हालसम्म सम्बन्धितबाट उक्त रकम अशुल भै आम्दानी नगरेकोले जिल्ला अनुगमन समितिको तथा पालिकाको निर्णय वमोजिमको रकम तपशिल वमोजिमका व्यक्तिबाट अशुल गरी मु.अ.कर र अग्रिम आयकर वापतको रकम सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्ने र बाँकी रकम पालिकाको सञ्चितकोषमा आम्दानी बाध्नु पर्ने रु.

| सिं.नं. | तपशिल व्यक्तिहरु | अशुल गर्ने रकम | मु.अ.कर | अग्रीम कर | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | स्मार्ट वेल्थ एण्ड इन्भेष्टमेन्ट प्रा.लि. का | ५,८८,४४१।५८ | ६६,८०९।९६ | ७,७०८।८४ | ५,१३,९२२।७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालक मोहन राना मगर | | | | |
| २ | रिभरसाइट रिसोर्ट प्रा.लि.का सञ्चालक सुनिल गुरुङ | २,८२,९२५।७४ | ३२,१२२।५८ | ३,७०६।४६ | २,४७,०९६।७२ |
| **जम्मा** | | ८,७१,३६७।३२ | ९८,९३२।५४ | ११,४१५।३ | ७,६१,०१९।५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७१,३६७.३२ |

१९ **सहकारी अनुगमन -** गाउँपालिका भित्र दर्ता रहेका सहकारी संस्थाहरुलाई आवश्यक कागजातहरु, लेखापरिक्षण प्रतिवेदन सहित पालिकामा अनिवार्य दर्ता गर्न पूर्व सूचना भएकोमा सम्पर्कमा नआएका संस्थालाई पुन सूचना जारी गर्ने र निष्कृय रही सम्पर्कमा नआएका संस्थालाई कार्वाही प्रकृया गर्ने निर्णय गरेकोमा सो अनुसार कार्वाही गरेको पाईएन । पालिका अन्तर्गत कृषि, सानाकिसान, उपभोक्ता बचत तथा ऋण सहकारी लगायत ५१ वटा सहकारी संस्था रहेकोमा २६ वटा निष्क्रिय रहेको त्यस्तै कोपोमिस प्रयोग गर्ने सहकारी संस्था २० वटा रहेको विवरण प्राप्त भएको छ । पालिकाको निर्णय वमोजिम निष्क्रिय रहेको सहकारीहरुलाई आवश्यक कार्वाही प्रकृया अगाडी बढाई सदस्यहरुको बचत रकम फिर्ता गर्ने र संस्थाको नाममा रहेको जग्गा तथा भवनको स्वामित्व पालिकाको नाममा ल्याउनु पर्ने देखिएको छ ।

२० **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो नयाँ उजुरी १२ वटा दर्ता भएकोमा १० वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ **राजस्व अभिलेख -** शहिद लखन गाउँपालिकाको आर्थिक कार्यविधि कानुन, २०७६ को दफा १३(२) मा राजस्वको लगत तथा लेखा राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था रहेको छ । पालिकाले राजस्व उठाउन यस वर्ष छुट्टै सफ्टवेयरको प्रयोग गरेकोमा सो को वार्षिक रिपोर्टमा उल्लेख भएको शीर्षकगत असुली र वित्तीय प्रतिवेदनको अनुसूची ११ को फरकको समायोजन हिसाब तयार गरेको पाइएन । केही उदाहरण निम्नानुसार छन्ः

| क्र.सं. | शीर्षक | सांग्रिला सफ्टवेयर अनुसार | सुत्रअनुसार |
|---|---|---|---|
| १ | सम्पत्ति कर | १०८०८६० | २१५८०२७ |
| २ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४१४३९० | ४०३४०० |
| ३ | सिफारिस दस्तुर | ४०८३७७७ | ३८६९२२२ |
| ४ | बहाल कर | १३८१४७७ | १४९९२६१ |

त्यसै गरी पालिकामा आन्तरिक राजस्व खातामा जम्मा भएको रकम अनुसार भौचर उठाउने परिपाटी रहेकोमा वास्तविक उठ्नुपर्ने राजस्व यकिन गर्ने अवस्था रहेन । हालको प्रणालीले वास्तविक उठ्नुपर्ने आय शीर्षको समेत यकिन गर्न सक्ने अवस्था नरहेकोले पालिकाले सामयिक रुपमा हिसाब भिडान गरी राजस्व असूलीलाई थप व्यवस्थित गर्नुपर्दछ ।

२२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर शुल्क अन्तर्गत निम्नानुसार फर्महरुबाट मूल्य अभिवृद्धि कर असुल गरेको तर राजस्व शीर्षक नं.३३३१४ मा दाखिला गरेकोले ३३३१७ मा दाखिला गर्न लगाउनुपर्दछ ।

| क्र.सं. | आय ठेक्का नं. | व्यवसायी | स्थायी लेखा नं. | मूअकर |
|---|---|---|---|---|
| १ | ११/२०७९-८० | स्टार मेटल इन्जिनियरिङ्ग एण्ड फर्निचर वर्कस प्रा. लि. | ६०३५७८७९५ | २६५२० |
| २ | १२/२०७९-८० | स्टार मेटल इन्जिनियरिङ्ग एण्ड फर्निचर वर्कस प्रा. लि. | ६०३५७८७९५ | ७८६२४ |
| ३ | १४/२०७९-८० | सचेत कन्सट्रक्सनप्रा. लि. | ३०४७६१३४४ | २२४६४० |
| ४ | १५/२०७९-८० | कृतिका निर्माण सेवा | ६१०५५६६८१ | १६८३५ |
| | **जम्मा** | | | **३४६६१९** |

२३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु. हजारमा | आन्तरिक आय रु. हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२८९७४ | २२२३ | ४.२० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.२० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ३०,००,००० | २१,५८,०२६ | ७१.९३ |
| बहाल कर | ४,००,००० | १४,९९,२६१ | ३७४.८२ |
| व्यवसाय कर | ३,२५,००० | ० | 0 |
| वहाल विरौटी शुल्क | २५,००० | ० | 0 |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २,२५,००० | ४,०३,४०० | १७९.२९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४ लाख ३ हजार कर सङ्कलन गरेकोमा

पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२६ **नक्सा पास दस्तुर -** नेपालको संविधानको धार २२८(२) मा स्थानीय तहले कानुन बनाइ कर लगाउन पाइने व्यहोरा रहेको छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्ः

२६.१ गाउँपालिका आर्थिक ऐन, २०७९ को अनुसूची १० मा नक्सा पास दस्तुर स्वरुप आर. सि. सि. संरचनाको प्रथम तल्लाको प्रति वर्गफिट रु.३ र दोश्रो तल्लाको प्रति वर्गफिट रु.३.५ तोकेकोमा रसिद नं. ०००१५७२ बाट श्री राम बहादुर श्रेष्ठको नक्सा पास गर्दा प्रथम तल्लाको प्रति वर्गफिट रु.२.५ र दोश्रो तल्लाको प्रति वर्गफिट रु.३ ले गणना गरेकोले घटी रकम रु.५५१ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५१ |

२६.२ रसिन नं. ०००१५३९ बाट श्री गिरि धारी काप्रीबाट रु.१,३७६ नक्सा पास दस्तुर लिइएको फाइलसाथ समावेश नक्सा अनुसार ७१० वर्गफिट हुनुपर्नेमा ६८७.७ वर्गफिटमात्र देखाएको सो सम्बन्धमा प्राविधिकबाट यकिन हुनुपर्दछ ।

२७ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । आय ठेक्का नं. १३ अन्तर्गत ठेउवाटार घाटबाट ६०० घन मिटर ढुङ्गा, गिट्टी उठाउन दहत्तर बहत्तर वापत त्रियुग निर्माण सेवासँग रु.२२,०८,००० मा सम्झौता भएर प्रथम किस्ता समेत बुझाइसकेको अवस्था जेष्ठ महिनासम्म सम्झौता अवधि रहेकोमा स्थानीय अवरोधको कारण ठेक्का कार्य सम्पन्न गर्न नसकिएको र उक्त फर्मले ठेक्काको रकम फिर्ता मागेको अवस्थामा हाल कार्यपालिकाको निर्णय अनुसार २०८० जेष्ठमा बुझाउनपर्ने बाँकी रकम सम्बन्धी कारबाही अगाडि नबढाउन कार्यपालिकाको निर्णय भएको पाइयो । उक्त फर्मले पेश गरेको बाँकी किस्ताको कार्यसम्पादन जमानत २०८० आषाढ मसान्तबाट समाप्त भएकोमा ठेक्काको नियमानुसार बाँकी कारबाही अबिलम्ब टुंग्याउनपर्दछ ।

२८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड २१ लाख ३५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२ करोड २५ हजार अर्थात अनुमान भन्दा १६५.०२ प्रतिशत बढी आय प्राप्त

गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९ **कृषि सामग्री वितरण** (विविध शीर्षक-२४-२०८०-३-१०): आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्न व्यहोरा उल्लेख छ । पालिकाले वैदेशिक रोजार बोर्डको सचिवालय सँगको साझेदारीमा संचालित पुनःएकिकरण कार्यक्रम अन्तर्गत तालिम सञ्चालन भएको र सोमा उपस्थित ३७ सहभागीहरुलाई मौरी घार, च्यापकटर र डिफ्रिज जस्ता कृषि सामग्री वितरण गरेकोमा सो भरपाईमा निम्नानुसार व्यक्तिरहेको तालिममा सहभागिता भत्ता बुझेको हस्ताक्षर र सामान वितरणको हस्ताक्षर मिलेको पाइएन । कार्यालयले सामान बुझाउँदा हस्ते भरपाई गरेको उल्लेख गरेकोमा वितरण भरपाईमा सो व्यहोरा खुल्ने कुनै कैफियत नजनाइएकोले यस सम्बन्धमा पालिकाले छानबिन गरी सामान वास्तविक रुपमा वितरण भएको सुनुस्चित गर्नुपर्दछ ।

| **क्र.सं.** | **व्यक्तिको नाम** | **ठेगाना** | **बुझेको सामाग्री** |
|---|---|---|---|
| १ | कृष्ण श्रेष्ठ | शहिद लखन - ४ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| २ | एक बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ३ | काजी बाबु थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ४ | प्रेम बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ५ | नेत्र बहादुर राना | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ६ | तुल बहादुर राना | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ७ | गुन बहादुर राना | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ८ | धन बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |

| | | | |
|---|---|---|---|
| ९ | अमर बहादुर राना | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| १० | थन बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| ११ | गम बहादुर आले | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| १२ | रामु राना | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| १३ | राम बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| १४ | यम बहादुर थापा | शहिद लखन - ५ | मौरी सहितको घार -२, मौरी घारमात्र - ४ |
| १५ | उदय बहादुर थापा | शहिद लखन - ५ | डिफ्रिज - १ |
| १६ | बुद्ध बहादुर थापा | शहिद लखन - ५ | डिफ्रिज - १ |

३० **रित पूर्वक कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यवसायीबाट मु.अ.कर रु.१,११,३७७।०० को सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **कर विजकको अवस्था** | **भुक्तानी रकम** | **मुअकर कर रकम** |
|---|---|---|---|---|---|
| ३७-३/२४ | गोर्खाली ब्रदर्श कन्स्ट्रक्सन | ६०७७११२४४ | मिति उल्लेख नभएको | ८,५६,७५१ | १,११,३७७ |
| | **जम्मा** | | | | १,११,३७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,११,३७७ |

३१ **बढी भुक्तानी -** गाउँलपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३२(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । बेतेनी सामुदायिक होमस्टे शौचालय निर्माण कार्यमा ईट्टाको गारो लगाउने काममा झ्याल र ढोका नापी गर्दा घटाउनुपर्नेमा जोड गरेको पाइएकोले निम्मानुसार बढी भुक्तानी भएको रु. १२,५९२ मध्ये गाउँपालिकाको योजनामा योगदान ८७.७६ प्रतिशतको आधारमा रु.११,०५१ असुल गर्नुपर्ने रु.

| **विवरण** | **लम्बाई** | **चौडाई** | **उचाई** | **संख्या** | **परिमाण** |
|---|---|---|---|---|---|
| जोड भएको | १.३७ | ०.१३ | २.०० | १ | ०.३५६ |
| घटाउनुपर्ने | १.८२ | ०.१३ | ०.९० | २ | (०.४२६) |
| | फरक परिमाण | | | | ०.७८२ |
| | दर | | | | १६१०२.१६ |
| | रकम | | | | १२५९२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०५१ |

३२ **बढी भुक्तानी** (४०३-२०८०-३-२३): गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३२(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । त्रिबेणी सिलिङ्ग ग्याझा हुदै मनकामना सडक योजनाको ०+५१० चेनेजमा नापी गर्दा माटो खन्ने कार्यमा ०.६५ मिटरको गहिराई खनेको नापी गर्नुपर्नेमा ६५ मिटर नापी भएकोले निम्नानुसार बढी भुक्तानी भएको रु.१,४२,९६६ मध्ये गाउँपालिकाको योजनामा योगदान ८८.२३ प्रतिशतको आधारमा रु.१,२६,१३९ असुल गर्नुपर्ने रु.

| **चेनेज** | **लम्बाई** | **चौडाई** | **उचाई भएको** | **उचाई हुनुपेर्ने** | **बढी उचाई नापी** | **बढी परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|---|---|
| ०+५१० | **३०** | **१.०५** | ६५ | ०.६५ | **६४.३५** | २०२७.०३ | ७०.५३ | १४२९६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२६,१३९ |

३३ **पालिका प्रशासकिय भवन निर्माण**

३३.१ (११-२०७९-६-१२):

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.३०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३.२

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.३०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३.३ आठौ विलमा प्रोभिजनल सम अन्तर्गत टेष्ट रिपोर्ट वापत १,१०,०००।— खर्च लेखेकोमा सो को विल रु. १,००,००५।— मात्र रहेकोले थप पुष्टयाई भए पेश गर्नुपर्ने अन्यथा विल भन्दा बढी भुक्तानी भएको रु. ९,९९५।— असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९५ |

३४ **पन्ध्र शैया अस्पताल निर्माण**

३४.१ भवनको गारो लगाउने कार्यका लागी भुईतला र सो भन्दा माथिल्लो तलाको लागी फरक नर्मस प्रयोग हुनेमा माथिल्लो तलाको इट्टाको गारो लगाउने कामको नर्मस प्रयोग गरि लागत अनुमान तयार गरेको पाईयो। भुइतलाको गारो लगाउने कामका लागी प्रति घ.मि. रु १७४८८।— ले ९०.९ घ.मि. रु. १५८९६५९।२० हुनेमा माथिल्लो तलाको नर्मस अनुसार प्रति घ.मि. रु. १७९५३।९५ ले लागत अनुमान तयार गरेकोले प्रति घ.मि. रु ४६५।९५ ले ९०.९ घ.मि . को रु. ४२३५९।८५ (मु.अ.क. बाहेक) बढीको लागत अनुमान तयार गरेको पाईयो । निर्माण व्यवसायीले सो कार्यका लागि प्रति घ.मि. रु १४०००।—दर राखेकोले सो कामको लागि बढी भुक्तानी हुने नदेखिए पनि लागत अनुमान तयार गर्दा सम्बन्धीत प्राविधिकले यस्तो विषयमा ध्यान पुर्याउनु पर्दछ ।

३४.
२ ……….. *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.२०,८८९ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **सूचना पाटी खर्च** (४३-२०८०-३-२४): आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकमखर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । नाम्जुङ्ग, घैरुङ्ग, मनकामना, रामशाहघाट सडकको दोस्रो रनिङ्ग विल भूक्तानी गर्दा होडिङ्गबोर्ड वापत खर्च लेखेको रु. २०,०००।— को विल तथा फोटो नभएकोले असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

३६ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| मध्यमकालीन खर्च संरचना | सपोर्ट फर डेभलभमेन्ट इनिटिएटिभ प्रा. लि. | ५५३७०० | ३९९६२५ | नहुने |
| लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण | सपोर्ट फर डेभलभमेन्ट इनिटिएटिभ प्रा. लि. | २६५५५० | १४१७०२ | नहुने |
| अस्थाई क्रसर उद्योग क्ष्भ्ं | इन्भाईरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग सर्भिसेस | २९९५०६ | २६४००० | नहुने |
| **जम्मा** | | | ८०५३२७ | |

३६.
१ पालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्न तीन वटा फर्मसँग प्राविधिक र आर्थिक प्रस्ताव माग गरेकोमा तीन वटै फर्महरुले पेश गरेको प्राविधिक प्रस्तावमा एउटै व्यहोरा उल्लेख भएको र सामान्य फर्मेटिङ्गमात्र फरक रहेको पाइयो । यसरी प्राविधिक प्रस्तावको व्यहोरा मिलेतापनि प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा कार्यसम्पादन गर्ने तरिका र कार्यनिर्देश शर्त प्रतिको प्रभावग्राहिता शीर्षकमा फरक अङ्क दिनुको आधार देखिएन । यसरी एउटै मात्र प्रस्ताव रहेकोले कानून बमोजिम खरिद कार्यमा प्रतिस्पर्धा

र उचित मूल्याङ्कन भएको देखिएन । ऐन बमोजिम प्रतिस्पर्धा सुनिस्चित गरी मूल्याङ्कन हुने व्यस्था हुनुपर्दछ ।

३६.२ त्यसै गरी पालिकाले लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गर्न तीन वटा फर्मसँग प्राविधिक र आर्थिक प्रस्ताव माग गरेकोमा तीन वटै फर्महरुले पेश गरेको प्राविधिक प्रस्तावमा एउटै व्यहोरा उल्लेख भएको र सामान्य फर्मेटिङ्गमात्र फरक रहेको पाइयो । यसरी प्राविधिक प्रस्तावको व्यहोरा मिलेतापनि प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा कार्यसम्पादन गर्ने तरिका र कार्यनिर्देश शर्त प्रतिको प्रभावग्राहिता शीर्षकमा फरक अङ्क दिनुको आधार देखिएन । यसरी एउटै मात्र प्रस्ताव रहेकोले कानून बमोजिम खरिद कार्यमा प्रतिस्पर्धा र उचित मूल्याङ्कन भएको देखिएन । ऐन बमोजिम प्रतिस्पर्धा सुनिस्चित गरी मूल्याङ्कन हुने व्यस्था हुनुपर्दछ ।

३७ **निर्माण व्यवसायी मार्फत कार्य गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याकटरबाट गराउन नपाइने भन्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत भएका कतिपय कामहरुमा निर्माण व्यवसायीबाट मेशिनरी प्रयोगको मार्फत गराएको पाइएकोले नियमको पालना भएको पाइएन । नियममा भएको व्यवस्थाको पालना गर्नतर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । उदाहरणः

| कामको विवरण | लागत अनुमान र संझौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | मेशिन प्रयोग रकम |
|---|---|---|---|---|
| रिन्जेली बडहरे सडक सोलिङ कार्य | ६६०३५४ | ६८४२४९ | ६१२००० | २९४४०० |
| स्याउली मनकामना बाटो | १३२३०५४ | १२९४५५७ | ११६४००० | ७०५०३५ |
| लक्ष्मी बजार तीनमाने सडक | १६५०९४८ | १५४४०८८ | १३६०८२२ | ९८९५२५ |
| अगुवा मनकामना मोटर बाटो | १३०११२० | १२९८२२८ | ११६१४१२ | ८००००० |
| रामशाहघाट कान्टार मनकामना सडक | १४३०१११ | १३६१९५० | १२००८९८ | ८३०८४७ |

३८ **बढी भुक्तानी -** गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३२(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । ग्याबियन तारजाली भित्र ढुंगा भर्ने कार्यको लागि ९ वटा १.५x१x१

को ग्याबियन बक्सको मूल्याङ्कन गर्दा निम्नानुसार बढी भुक्तानी भएको रु.२४,९७५ मध्ये गाउँपालिकाको ८२ प्रतिशत योगदान रहेको आधारमा असुल हुनुपर्ने रु.

| आइटम | संख्या | लम्बाइ | चौडाइ हुनुपर्ने | चौडाइ भएको | बढी चौडाइ | उचाइ | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| Gabion works 1.5x1x1 | ९ | १.५ | १ | १.७ | ०.७ | १ | ९.४५ | ३२२३ | ३०४५७ |
| | गाउँपालिका र जि.स.स. योगदान | | | | | | | | ८२ प्रतिशत |
| | खुद असुल हुनुपर्ने | | | | | | | | २४,९७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९७५ |

३९ **नर्म्सको आधार** (विविध-२१-२०७९-१२-१६): गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(४) मा लागत अनुमान तयार गर्दा स्थानीय दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । गरज्ञा गाउँ खानेपानी योजनामा खानेपानी लाइन खने पश्चात खन्ने कार्यमा रु.५६७ र पुर्ने कार्यमा रु.१६२ को दरले भुक्तानी दिएकोमा पालिकाले सञ्चालन गरेका अन्य खानेपानी योजनामा पुर्न कार्यको दर खन्ने कार्यको एक चौथाई निर्धारण गरेको पाइयो । सोही आधारमा रु.५६७ को एक चौथाईले रु.१४१.७५ हुनुपर्नेमा रु.१६२ को दरले भुक्तानी दिँदा बढी रु.२०.२५ को दरले कुल परिमाण रु.१९१.०३ मा रु.३,८६८ बढी भुक्तानी भएको सो नर्म्सको आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८६८ |

४० **जडानको प्रमाण -** खरिद गरि जडान हुने प्रकृतिका सामान तथा सार्वजनिक निर्माण कार्यको फिल्डमा कार्य भएको नाप जाँच गरी नापि कितावमा अभिलेख राखि सो आधारमा भुक्तानि गर्नुपर्दछ । गाउँपालिकाले जडान हुने सामानको खरिदको आधारमा भुक्तानी भएकोले ती सामान जडान गरेको नाप जाँच भएको प्रमाण पेश नभएको रु.

| योजनाको नाम | सामान | पम्पको बिजक रकम | पालिका योगदान |
|---|---|---|---|
| ठूलो पधोरो खानेपानी योजना | ६ हर्सपावर पम्प | २,०९,५०२ | २,०९,५०२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०९,५०२ |

४१ **पन्थाधारा रातमाटे तिलहार सडक स्तरोन्नती -** पन्थाधारा रातमाटे तिलहार सडक स्तरोन्नती योजना अन्तर्गत देखिएका व्यहोरा निम्नानुसार छन्

४१.१ (४०९-२०८०-३-२४):

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.१,१४३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.२ पालिकाले योजनाको नापी बनाउन सफ्टवेयर प्रयोग गरेकोमा यस योजनामा माटो खन्ने कार्यको परिमाण कुनै चेनेजमा घटी र कुनैमा बढी देखिएकोले सफ्टवेयरबाट सिर्जित विवरणमा पूर्ण रुपमा आश्वस्त हुने अवस्था रहेको देखिँदैन । कार्यालयले नापी प्रविष्टि गर्दा पुरानो डाटा रिफ्रेस नभएकोले यस्तो हुने जनाएतापनि यसै आधारमा भुक्तानी भएकोले यथार्थ भन्दा फरक परिमाणको भुक्तानी हुने जोखिम रहेकोले सुधार गर्नुपर्दछ ।

| | L | B | H | cut percent | B*H | average | हुनुपर्ने | भएको | फरक |
|---|---|---|---|---|---|---|---|---|---|
| ०+१५० | ३० | १.३ | १.५ | १ | १.९५ | २.२३५ | ६७.०५ | ६७.०५ | |
| ०+१८० | ३० | १.४ | १.४ | १ | १.९६ | १.९५५ | ५८.६५ | ६५.०४ | ६.३९ |
| ०+२१० | ३० | १.३ | १.८ | १ | २.३४ | २.१५ | ६४.५ | ५६.१ | (८.४) |

४२ **पाइप जडान** (४०८-२०८०-३-२४): गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३२(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । रामभञ्ज्याङ्ग बुङ्गकोट सडक स्तरोन्नती योजना अन्तर्गत ६०० मि.मि. को १० वटा ह्युम पाइपको भुक्तानी दिइएकोमा लागत अनुमान, उपभोक्ता समितिले खर्च सार्वजनिकिकरण गरेको विवरण र उ. स. ले पालिकामा पेश गरेको खरिद बिजक अनुसार जम्मा ८ वटा ह्युम पाइप खरिद भएको देखिएकोले थप देखिएको २ वटा ह्युम पाइपको

सम्बन्धित लोकेटनमा पुनः नापँजाँच गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा २ वटा ह्युम पाइप (५ मिटर) को प्रति मिटर रु.७,३९९.९९ को दरले हुन आउने रु.१४,८०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,८०० |

४३ **पाइपको क्षेत्रफल घटी नगरेको -** गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३२(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । निम्नानुसार योजनाहरुमा stone masonry कार्यको नापी गर्दा ७५० मि.मि. ह्युम पाइपको क्षेत्रफल घटी deduction गरी निर्माण व्यवसायीलाई रु.२५८५ भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| **योजनाको नाम** | **निर्माण व्यवसायी** | **किनारा** | **चौडाई** | **हुनुपर्ने** | **भएको** | **बढी** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|---|---|
| रामशाहघाट डाँडागाउँ मनकामना सडक | आनन्द कन्स्ट्रक्सन | २ | १ | ०.८८ | ०.७७ | ०.११ | १०,३०० | ११३३ |
| रामशाहघाट केउरेनी ढाँडबारी सडक | गोर्खाली बर्दश कन्स्ट्रक्सन | २ | १ | ०.८८ | ०.७७ | ०.११ | १०,५०० | ११५५ |
| | जम्मा | | | | | | | २२८८ |
| | मू. अ. कर | | | | | | | २९७ |
| | कुल जम्मा | | | | | | | २५८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२८८ |

४४ **बढी नापी** (४११-२०८०-३-२४):

✂ ********.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.४१,७६० सम्परीक्षण गरिएको ।)********

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **पाठ्यपुस्तकवापत बढी निकासा :**

✓ .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.२८,७४७ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **शिक्षण सहयोग अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभूत तह कक्षामा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले शिक्षक दरबन्दी भएको पिपलापोखरी आ वि लाई शिक्षण सयहोग अनुदानमार्फत शिक्षक श्री कमला ढकाललाई नियुक्त गरी प्रतिमहिना रु ३०२०० को दरमा १० महिना बराबरको तलब भत्ता रु ३०२००० निकासा दिएको छ । शसर्त अनुदान मार्फत प्राप्त हुने उक्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेभन्दा फरक गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,०२,००० |

४७ **शिक्षक तलब भत्ता :** स्थानीय तह अन्तर्गत कार्यरत आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको पारित तलबी प्रतिवेदन, स्वीकृत राहत अनुदान कोटाका शिक्षक, स्थानीय तहका लागी स्वीकृत कोटाका आधारमा बालबिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब भत्ता निकासा गर्दा शिक्षकले विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिरीका आधारमा माग फारम भरि विद्यालयले स्थानीय तहसमक्ष तलब भत्ता निकासा माग गर्नुपर्दछ र सोही माग निकासालाई रुजू गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई तलब भत्ता निकासा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्ष २०७९।८० मा पालिका भित्रका ४६ वटा विद्यालयलाई रु १४६४२५७३३।७ निकासा गर्दा प्रमाणित हाजिर बेगर नै निकासा गरेको पाइयो । प्रमाणित हाजिर बेगर माग फारमका आधारमा मात्र तलब भत्ता निकासा गर्दा विद्यालयमा अनुपस्थित हुने, अवकाश भएका, रमाना हुने र नँया नियुक्ति लिइ अध्यापन गराएका शिक्षकहरुको तलब अध्यापन गराएको मितिसम्म मात्र भएको हो भनि यकिन हुन सकिएन । विद्यालयमा कार्यरत अवधि भन्दा धेरै समयको तलब भत्ता भुक्तानी भए नभएको सम्बन्धमा स्थानीय तहले यकिन गरि बढी निकासा भएको पाइएमा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ ।

४८ **छात्रवृत्ति (गैरआवासीय) :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा

अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न विद्यालयहरुलाई रु ६४७४००।— छात्रवृत्ति अनुदान निकासा दिएको छ । उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन गरेको पाईएन। तसर्थ नियममा भएको व्यवस्थानुसार अनुगमन प्रतिवेदन पेश दिने व्यवस्थाको पालना गर्नु पर्दछ।

४९ **बुक कर्नर :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु ५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु १५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु २०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्तत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल बिकास मा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु ७८८४००।- अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गरी तयार नगरेका विद्यालयको निकासा असुल गरी संघीय संचित कोष दाखिला गरिनुपर्दछ ।

५० **सासुदायिक सिकाई केन्द्र :** पालिकाले स्थानीय तहमा संचालित सामुदायिक सिकाइ केन्द्रलाई तोकिएका मापदण्ड पुरा गरेमा प्रस्तावका आधारमा एकमुष्ट रु २ लाख संचालन अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । उक्त अनुदानबाट सामुदायिक सिकाइ केन्द्रले प्रमाणित हाजिरका आधारमा प्रतिमहिना रु ८००० का दरले १३ महिनाको लागि पारिश्रमिकमा खर्च गर्न सक्ने र बाँकी रकम सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड, २०७८ बमोजिम बार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सकिने उल्लेख छ । यस वर्ष पालिकाभित्रका निम्न २ सामुदायिक सिकाइ केन्द्रलाई एकमुष्ट २ लाख उपलब्ध गराएकोमा खर्चको बील भरपाइ पेश हुन आएन । प्रस्तावका आधारमा भएको खर्चलाई पुष्टि गर्ने बील भरपाई लगायत प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **सि.नं.** | **सिकाइ केन्द्रको नाम** | **रकम** |
|---|---|---|
| १ | बुंकोट सामुदायिक सिकाइ केन्द्र | ९६००० |
| २ | थानीदेवी सामुदायिक सिकाइ केन्द्र | ९६००० |
| | जम्मा | १९२००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

५१ **दिवा खाजा :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु. १५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको छ । त्यस्तै, प्रत्येक चौमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ. व २०७९।८० मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न ४६ वटा विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु. ५७८३९८६ ।- निकासा गरेको छ । विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीश्रण गरि कार्यक्रम कार्यान्वयनको प्रगती तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

५२ **तलबी प्रतिवेदन :**नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क (५)मा जिल्लास्थित कार्यालयका कर्मचारीको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नु व्यवस्था रहेको छ ।त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र च.नं. १८०-२०७६।७७ मिति २०७६।०५।१८ को पत्रानुसार स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्ने उल्लेख छ । कार्यालयले स्वास्थ्य तर्फका २९ जना कर्मचारीहरुको तलबी प्रतिवेदन गाँउसभाबाट पारित गरी आ.व. २०७९/८० मा रु. २१७९३९१८।७५ तलब भत्ता भुक्तानी गरेको पाइयो । सम्बन्धित कोष तथा लेखा नियन्त्रकबाट तलबी प्रतिवेदन पारित नगरि भएको भुक्तानीमा कर्मचारीहरुलाई नियमानुसार नै तलब भत्ता भुक्तानी दिएको स्पष्ट हुन नआएकोले तलबी प्रतिवेदन पारित गरि बढी भुक्तानी भएको तलब ग्रेड, थप ग्रेड तथा भत्ता भुक्तानी देखिएमा असुल गर्नुपर्दछ । नियमानुसार तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

५३ **सामजिक सुरक्षामा आधारित पारिश्रमिक कर :**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.२३,५०९ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **न्यानो झोला कार्यक्रम :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकामा यस वर्ष प्रसुति संख्या ९१ मात्र रहेको अभिलेखबाट देखिन्छ । पालिकाले गत वर्ष मौज्दातमा रहेको १२८ थान वितरण गरी यस वर्ष पनि रु २२४३०५ मा २५० थान न्यानो झोला खरिद गरेको छ । पालिकाको भण्डारमा खरिद गरिएका २०० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **बीमा गराउनुपर्ने :** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ को दफा १५ मा नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पूर्वाधारहरुको बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । भविष्यमा हुनेसक्ने प्रकोप तथा क्षतिलाई न्यूनिकरण गर्न स्वास्थ्य परीक्षण तथा बीमा गराउनु अनिवार्य देखिन्छ। पालिकाले देहायबमोजिमका अनुदानग्राहीहरुलाई अनुदान उपलब्ध गराउदा पशुपन्छीहरुको स्वास्थ्य परीक्षण गरेको तथा बीमा गरेको प्रमाण पेश हुन आएन। बीमा गराएको प्रमाण पेश गर्नुपर्ने रु

| सि.नं. | गो.भौ.नं. र मिति | अनुदानग्राही | कार्यक्रम | भुक्तानी |
|---|---|---|---|---|
| १ | ३६४-२०८०।०३।१५ | बुंकोट भैसी प्रर्वद्दन उपभोक्ता समिति | भैंसी प्रवर्द्धन कार्यक्रम- ५०% अनुदानमा २२ वटा भैंसी वितरण | १२००००० |
| २ | ४०२-२०८०।०३।१९ | मिलिजुली बाख्रा पालन समिति | मासु मिसन कार्यक्रम अन्तरगत बाख्रा प्रवर्द्धन- ५०% अनुदानमा १० वटा बोका र ४० वटा पाठा पाठी वितरण | ११९५१९५ |
| ३ | ४५५-२०८०।०३।२३ | साना किसान कृषि सहकारी संस्था लि. | भैंसी प्रवर्द्धन कार्यक्रम- ५०% अनुदानमा १४ वटा ५०% मुर्रा भैंसी वितरण | ७००००० |
| | | जम्मा | | ३०९५१९५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,९५,१९५ |

५६ **शिक्षक दरवन्दी र पदपुर्ति :** गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ती | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/करार | राहत/अनुदान | |
| १ | इन्द्रप्रा.वि | १ | ० | १ | ० | ३ |
| २ | लक्ष्मीप्रा.वि | १ | ० | १ | ० | १७ |
| ३ | बक्रेश्वरीप्रा.वि | १ | ० | ० | १ | १६ |
| ४ | बालज्योतिप्रा.वि | २ | १ | १ | ० | १८ |
| ५ | सुन्तलाबारीप्रा.वि | २ | १ | ० | १ | २६ |
| ६ | सिलिङ्गटारप्रावि | १ | ० | ० | १ | १७ |
| ७ | करण्टारप्रा.वि | १ | ० | ० | १ | १४ |
| ८ | त्रिवेणीप्रा.वि | २ | १ | ० | १ | २० |
| ९ | चण्डेश्वरीप्रा.वि | २ | २ | ० | ० | २४ |
| १० | शहिदसन्देश प्रा.वि | १ | १ | ० | ० | १० |
| ११ | प्रगतिप्रा.वि | २ | ० | २ | ० | १९ |
| १२ | तोरेनप्रा.वि | २ | १ | १ | ० | २६ |
| १३ | जलकन्याप्रा.वि | २ | १ | ० | १ | १३ |
| १४ | दुर्गाप्रा.वि | १ | ० | १ | ० | ६ |
| १५ | चन्द्रकलाप्रा.वि | १ | ० | १ | ० | १० |
| १६ | मकैपुरप्रावि | १ | ० | १ | ० | ११ |
| १७ | दाहालेप्रा.वि | ० | ० | ० | ० | ११ |
| १८ | जलदेवीप्रा.वि | १ | १ | ० | ० | ६ |
| १९ | चण्डिदेउरालीप्रा.वि | ३ | २ | १ | ० | ४० |
| २० | बनौतीप्रा.वि | ३ | १ | १ | १ | ५७ |
| २१ | जनज्योतिप्रा.वि | ३ | ३ | ० | ० | ५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | राइनासप्रा.वि | ३ | ३ | ० | ० | ६० |
| २३ | गण्डकीप्रा.वि | ३ | २ | ० | १ | ४८ |
| २४ | मण्डलीप्रा.वि | ३ | १ | ० | २ | २६ |
| २५ | गणेशप्रा.वि | ३ | १ | ० | २ | ३२ |
| २६ | पिपलापोखरी आ.वि | ४ | २ | २ | ० | ३३ |
| २७ | लखन थापाप्रा.वि | ३ | २ | ० | १ | ३८ |
| २८ | राम्चेप्रा.वि | ४ | ४ | ० | ० | ७३ |
| २९ | भिमसेनप्रा.वि | ३ | ३ | ० | ० | ३१ |
| ३० | कालिका अमरज्योति प्रा.वि | २ | १ | १ | ० | २२ |
| ३१ | थानी आ.वि | ५ | ३ | १ | १ | ४० |
| ३२ | गंगाधर्मआ.वि | ६ | ३ | ० | ३ | ५९ |
| ३३ | महारुद्रआ.वि | ७ | ६ | १ | ० | १३१ |
| ३४ | चण्डिकाआ.वि | ७ | ४ | ० | ३ | १०९ |
| ३५ | सरस्वतीआ.वि | ६ | ५ | १ | ० | ६९ |
| ३६ | बक्रेश्वरमा.वि | १२ | ७ | २ | ३ | १०५ |
| ३७ | सिंजालीमा.वि | १२ | ८ | १ | ३ | २०६ |
| ३८ | जलदेवीमा.वि | ११ | ६ | २ | ३ | ११२ |
| ३९ | सिद्धस्थानीमा.वि | ११ | ८ | १ | २ | १०० |
| ४० | हिमालयमा.वि | ११ | ५ | २ | ४ | २२१ |
| ४१ | रामेश्वरीमा.वि | १३ | १० | ० | ३ | २०७ |
| ४२ | महेन्द्रशक्तिमा.वि | १३ | १० | १ | २ | ८९ |
| ४३ | मनकामनामा.वि | १६ | ११ | ४ | १ | ३४३ |
| ४४ | भगवतीहिमालय मा.वि | १५ | १० | ३ | २ | २९९ |
| ४५ | शहिदस्मृति मा.वि | १६ | १४ | २ | ० | २५८ |
| ४६ | जनशक्तिमा.वि | १५ | १२ | १ | २ | २१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २३७ | १५६ | ३६ | ४५ | ३३४७ |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १४ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

५७ **निशुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलव्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु १९८८९८५।- विभिन्न विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निकासाबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको/ नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाले ब्यवस्था गरेबमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरिनुपर्दछ ।

५८ **अनुदानजन्य रकम वैंक मार्फत भुक्तानि हुनुपर्ने -** महालेखा नियन्त्रक कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वयन सम्वन्धि परिपत्रको बुदा नं ङ (३ )अनुसार कुनै पनि भुक्तानि गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नाममा EFT मार्फत भुक्तानि हुनु पर्ने ब्यवस्था छ।यस गाउँपालिकाले निम्नानुसारका अनुदान, छात्रवृति र बिभिन्न सहयोग सम्वन्धि रकम बैंक मार्फत भुक्तानि नगरी वडा सचिबहरुले पालिकाको कार्यालयबाट हस्ते गरी रकम वा चेक बुझेर लगेको देखिन्छ। यसरी रकम बुझेर लैजादा सम्वन्धित सरोकारवाला ब्यक्तिले रकम बुझे नबुझेको सम्वन्धमा एकिन हुन नसकिने साथै यस्तो प्रकृतिको भुक्तानिले जोखिम समेत निम्ताउने देखिन्छ। तसर्थ यस्तो कार्यलाई निरुत्साहित गर्दै रकम बैंक मार्फत भुक्तानि गर्नुपर्दछ ।

५९ **बढी भुक्तानी** (७६-२०७९-६-१३):

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु. २०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **प्रमाण पेश गर्नु पर्ने** (५७४-२०७९-१२-२३): आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९ अनुसार कुनै पनि भुक्तानि गर्दा रीत पुर्वक जाचि भुक्तानि दिनु पर्दछ। पालिकाले शहिद लखन स्मृति पुरुस्कार वापत रु ३०००००।०० भुक्तानि गरेकोमा सो कार्यमा भएको खर्चलाई पुष्टिगर्ने प्रमाण कागजात पेश गरेको पाईएन। कार्यक्रम भएको खुल्ने प्रमाण र पुरुस्कार बितरणको भर्पाई पेश नहुदा कार्यक्रममा भएको खर्च एकिन गर्ने आधार देखिएन। तसर्थ कार्यक्रम भएको खुल्ने प्रमाण र पुरुस्कार बितरणको भर्पाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

६१ **खर्च शीर्षक फरक पारी खर्च लेखेको -** खर्च शीर्षक फरक पारी खर्च लेखेको — अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ खर्च शीर्षकको वर्गिकरण र ब्याख्या अनुसार जुन खर्च शीर्षकमा बजेट विनियोजन भएको छ सोहि शीर्षकबाट खर्च गर्नु पर्दछ। पालिकाले बजेट वर्गिकरण खर्च शीर्षक २२१११ पानी तथा बिद्युतमा विनियोजन गरीएको शीर्षकबाट खर्च शीर्षक २२२१२ ईन्धनमा रु १२९३७३।०० खर्च गरेको छ। यसरी खर्च वर्गिकरण शीर्षक फरक पारी गरीएको खर्च अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,२९,३७३ |

६२ **अनुत्पादक खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार सरकारी रकम खर्च गर्दा श्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेगरी मितव्ययिता कायम गर्दै खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रतिफल प्राप्त नहुने अनुत्पादक खालका कार्यमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको हुदा यस्तो प्रकृतिका खर्चलाई निरुत्साहित गर्दै खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। जस्तै केही उदाहरण निम्नानुसार छन।

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | गोरखा जेसिज लाई जेसिज स्मारीका प्रकाशन वापत | १००००० |
| २ | हिमालयन युवा क्लबलाई माघे सक्रान्ति मेला | १७५००० |

६३ **भाडा खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार सरकारी रकम खर्च गर्दा श्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेगरी मितव्ययिता कायम गर्दै खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाको आफ्नो एउटा मोटर गाडी र अर्को भाडामा लिएको मोटर गरी २ वटा मोटर हुदा पनि स- साना काम, साधारण प्रकृतिका आउ जाउ ( भ्रमण ) र सामान ढुवानि लगायतका काममा भाडा वापत रकम रु ७५९४००।०० भुक्तानि खर्च गरेको छ। यसरी आफ्नो र भाडामा लिएका मोटर हुदाहुदै स साना काममा ठुलो रकम खर्च हुनुले मितब्ययिता अपनाएको पाईएन। तसर्थ सकभर कम तथा मितव्ययि रुपमा खर्चगर्न तर्फ ध्यानदिनु पर्दछ।

६४ **प्रमाण पेश गर्नु पर्ने** (९१३-२०८०-३-१४):आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै पनि भुक्तानि गर्दा रीत पुर्वक जाचि भुक्तानि दिनु पर्दछ । पालिकाले कुनै पनि बिल भर्पाई संलग्न नगरी राम कुमार महतोलाई रु २३९९३। भुक्तानि गरेकोले उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९९३ |

६५ **कर बिजक पेश गर्नुपर्ने -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नु पर्दछ। पालिकाले जनप्रतिनिधिहरुको बिमा गरिदिए वापत हिमालयन लाइफ ईन्सुरेन्सको बीमा पोलिसि मात्र राखि रु ३५००००।०० भुक्तानि गरेको छ। विमा कम्पनीले नियमानुसार कर बिजक जारी गर्नुपर्नेमा गरेको पाईएन। अतः सार्वजनिक खरिद नियमावलीमा ब्यवस्था भए बमोजिम विमा कम्पनीले जारी गरेको कर बिजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

६६ **सोझै खरीद -** सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ र सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ अनुसार कुनै पनि मालसामान १० लाख सम्म सोझै १० लाख देखि २० लाख सम्म सिलबन्दि कोटेशन र सो भन्दा बढीको खरीदमा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। पालिकाले निम्नानुसारका मालसामान खरीद गर्दा ऐन नियमावलीको विपरीत टुक्रा टुक्रा पारी खरीद गरेको पाईएकोले नियमको पालना भएको पाईएन। यसले गर्दा प्रतिसप्रर्धा सिमित हुन गई सरकारी रकम बढी खर्च हुने देखिन्छ। तसर्थ समयमै नियमानुसार प्रतिस्प्रर्धाबाट खरिदकार्य गरि मितव्ययिता कायम गर्नतर्फ ध्यानदिनुपर्ने देखिएको छ।

| सि न | सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | २१८५०९६ |

| | | |
|---|---|---|
| २ | मेशिनरी सामान | २३०२०८१ |
| जम्मा | | ४४८७१७७ |

६७ **भुक्तानी प्रणाली :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लागग्राहीका सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ताका लागी योग्य नरहेका यस्ता लाभग्राहीको सम्बन्धमा विवरण अद्यावधिक गरी निष्क्रिय खातामा रहेको बाकी रकम यकिन गरी उक्त रकम संघीय संचित कोष दाखिला गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिकाबाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन।

६९ **लाभग्राहीको अभिलेख :**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने उल्लेख छ । त्यस्तै दफा ११ मा लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, बालबालिकाको हकमा सामाजिक सुरक्षा भत्ता पाउने उमेर (६० महिना) पुरा भएमा, लाभग्राहीले बसाई सरी गएमा तथा भत्ता पाउने लाभग्राहीको विवरण दोहोरो प्रविष्ठ भएमा कार्यालय प्रमुखबाट निर्णय गराइ प्रणालीबाट लगत कट्टा गरी स्थानिय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने उल्लेख छ । यसरी लाभग्राहीको लगत कट्टा गरी प्राप्त अद्यावधिक विवरणका आधारमा मात्र कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा सामाजिक सुरक्षाबापतको रकम जम्मा गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको फरवार्ड/रिभर्स फिडबाट संलग्न अनुसूची बमोजिम लाभग्राहीको दोहोरो अभिलेख देखिन्छ । दोहोरो अभिलेखको सम्बन्धमा यकिन गरी दोहोरो भुक्तानी भएको असुल हुनुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,३८४ |

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७० **अनुगमन तथा सुपरिवेक्षण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। बैंकबाट भत्ता वितरणको स्टेटमेन्ट प्राप्त गरी अनुगमन समितिले वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको, मृत्यु भएकालाई भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

७१ **दाखिलाको विवरण :** सामाजिक सुरक्षा कार्यक्रम शिर्षकबाट ९ वटा वडाका लाभग्राहिको खातामा रकम भुक्तानी गर्न विभिन्न दुइवटा बैंकलाई प्रथम, दोश्रो, तेश्रो र चौथो चौमासिकमा गरी रु. १८४५८३७७६।- निकासा दिएकोमा वैंकले यस वर्ष वितरण गर्नुपर्ने रकम सेवाग्राहिको खातामा जम्मा गरी बाँकी रहन गएको रकममध्ये रु.२११४०८।५१ फिर्ता गरेको छ भने रु.७८४०३७।५४ फिर्ता हुन बाँकी रहेको विवरण पेश भएको छ । फिर्ता हुन बाँकी रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८४,०३७.५४ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : शहिद लखन गाउँपालिका, गोरखा ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | baburam magar | २०७९-५-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santosh lamichhane | २०७६-८-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२०७,६२३.८६ | ४३१,३७३ | ४,३४०,७३० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,९७९,७२६.८६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १९८,८३१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,७८०,८९५.८६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३६८३१६०९.०१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६५५६००११६.२९ | **चालु खर्च** | ६००८४९६७९.७८ |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट अनुदान** | २६५७४८१३ | **पूँजीगत खर्च** | २६४७२०८७५.७७ |
| **राजस्व बाँडफाँट** | ९४२४९१२४.४ | **वित्तीय/अन्य व्यवस्था** | २०६०४७२० |
| **आन्तरिक आय** | २००२५४६२.५९ | | |
| **अन्य आय** | ८५५७५९०.० | | |
| **कुल आय** | ८०५००७१०६.२८ | **कुल खर्च** | ८८६१७५२७५.५५ |
| **बाँकी मौज्दात** | | ५५६६३४३९.७४ | |

बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -३

| किस्ता | वडानं. | सामाजिक सुरक्षा परिचय नं. | लाभग्राहीकोनाम | जन्ममिति | नागरिकता नं. | भुक्तानीरकम | असुलगर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| १,२,३,४ | २ | 2007090601066 | Dil Bahadur Thapa | 6-9-2007 | १२० | ४८००० | ४८००० |
| १,२,३,४ | २ | 2002060505983 | Dil Bahadur Thapa | 5-6-2007 | १२० | ४८००० | |
| १,२,३,४ | २ | 1989021700714 | Tek Bahadur Thapa | 17-2-1989 | २२५३ | ४८००० | ४८००० |
| १,२,३,४ | २ | 1989021700755 | Tek Bahadur Thapa | 17-2-1989 | २२५३ | ४८००० | |
| १,२,३,४ | २ | 2002071301513 | Lil Kumari Rana | 13-7-2002 | ५४ | ४८००० | ४८००० |
| १,२,३,४ | २ | 2002071301638 | Lil Kumari Rana | 13-7-2002 | ५४ | ४८००० | |
| १,२,३,४ | ८ | 2075022404412 | Rita Nepali | 24-2-2075 | ५३ | ६३८४ | ६३८४ |
| १,२,३,४ | ८ | 2075022404424 | Salina Ramtel | 24-2-2075 | ५३ | ६३८४ | |
| १,२,३,४ | ९ | 2004010705499 | Indra Jung Thapa | 7-1-2004 | ४०५ | ४८००० | ४८००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १,२,३,४ | ९ | 2004010705663 | Indra Prasad Kapri | 7-1-2004 | ४०५ | ४८००० | |
| | | | Total | | | | ११८३८४ |